सोताङ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सोताङ, सोलुखुम्बु

## वडा स्वास्थ्य केन्द्र भवन सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७६/०८/१९)

१) यस गाउँपालिका अन्तर्गत वडा नं. २ मा पर्ने कुमु र वडा नं. ४ मा पर्ने खरिवा, नाम्लुङ वडा स्वास्थ्य केन्द्र भवन निर्माण गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) शिलबन्दी बोलपत्र र इजाजत प्रमाणपत्र (आ.व. ०७६/०७७ लागि नविकरण भएको) तथा आ.व. ०७५/०७६ को आन्तरिक राजश्व कार्यालयबाट प्राप्त करचुक्ता गरेको प्रमाणित प्रतिलिपि वा आन्तरिक राजश्व कार्यालयमा कर दाखिला गरेको कागजपत्र दाखिला गरेको कागजपत्र संलग्न रहेको हुनु पर्नेछ।

३) शिलबन्दी बोलपत्र फारम दस्तुर तपशिलमा उल्लेख भए अनुसार फिर्ता नहुने गरी कृषि विकास बैंक शाखा कार्यालय, सोताङ, सोलुखुम्बुमा रहेको सोताङ गाउँपालिका नामको संचित कोष खाता नं. ११२५५०१४२९९३९०४३ मा नगद बुझाइ सोको नगदी रसिद सहित निवेदन पेश गरी मिति २०७६/०९/१८ गते सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।

४) खरिद गरिएको बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ दिनको १२:०० बजेभित्र यस कार्याल्यमा उपस्थित भइ बोलपत्र दर्ता गराउन सकिनेछ।

५) बोलपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिकाको कार्यालयको नाममा कृषि विकास बैंक सोताङ शाखामा रहेको धरौटी खाता नं. ११२५५०१४२९९३९०३५ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

६) दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारमहरु यस कार्याल्यमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औ दिनको २:०० बजे खोलिने छ। तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेको उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

७) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। रित पुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिनेछ छैन। बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

८) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।

९) बोलपत्र सम्बन्धी कागजात छुट भएको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागि गाउँपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

| बोलपत्र/ठेक्का नं. | कामको विवरण | लागत रकम (मु.अ.कर र कन्टिजेन्सी बाहेक) | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 01/SRM/NCB/076-077 | कुमु स्वास्थ्य केन्द्र भवन निर्माण | ३२,८०,२३४।७८ | ३,०००।- | ९१,८५०।- | |
| 02/SRM/NCB/076-077 | खरिवा, नाम्लुङ स्वास्थ्य केन्द्र भवन निर्माण | ३२,८०,२३४।७८ | ३,०००।- | ९१,८५०।- | |

प्रमुख प्रशासकीय अधिकृत